"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति : २०७७/०५/०१

नगर प्रमुखद्वारा हरितालिका तीजको शुभकामना

# यसपटक घरमै बसेर मनाऔं

नेपाली नारीहरूको महान पर्व हरितालिका तीजको सुखद् अवसरमा महालक्ष्मी नगरबासी सम्पूर्ण नेपाली दिदीबहिनीहरूमा हर्षोल्लास, सुख, शान्ति, समृद्धि, आपसी एकता, पारिवारिक सद्भाव एवं सुस्वास्थ्य र दीर्घ जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साँस्कृतिक सहिष्णुता र सामाजिक एकताको प्रतीकका रूपमा रहेको यस पर्वमा नेपाली नारीहरूले आफ्नो सौभाग्य र परिवारजनको समृद्धिका लागि ब्रत बसेर भगवान शिव-पार्वतीको पूजा आराधना गर्ने प्रचलन छ । तीज जस्तो नेपाली मौलिक साँस्कृतिक पर्वले नेपालीहरूलाई एकताको सूत्रमा आबद्ध गर्दै धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्नुका साथै एकापसमा खुसी साटासाट र मनोरञ्जन गर्ने अवसर समेत प्रदान गर्दै आएको छ ।

विगतका वर्षहरूमा भए माइतीघर, विभिन्न मठमन्दिर तथा सार्वजनिक स्थलमा हामी तीज मनाइरहेका हुने थियौं । तर, यसपटक फरक परिस्थितिमा रहेका छौं । कोरोना भाइरस (कोभिड- १९)को महामारीका कारण सामूहिकरूपमा खुसी र मनोरञ्जन साटासाट गर्न सम्भव भएन ।

नगरबासी दिदीबहिनी तथा दाजुभाइहरूलाई थाहा नै छ । विश्वव्यापी कोरोना महामारी झन् वृद्धि हुने क्रममा रहेको छ । उपत्यकामा पनि संक्रमण दर वृद्धि हुँदै गएको छ । तसर्थ, तीज पर्वमा चेलीबेटीलाई घरमा निम्ता नगर्न, सामूहिक खानपिनको कार्यक्रम आयोजना नगर्न, नित्यकर्मबाहेक धार्मिक क्षेत्रमा भीडभाडमा नजान अपिल गर्दछु ।

चाडवाड, मनोरञ्जनभन्दा पनि अहिले जीवनको सवाल महत्वपूर्ण छ । महामारीबाट जीवन जोगाउन सकिएमात्रै पछि आउने चाडवाड मनाउन पाइन्छ । यही यथार्थतालाई हृदयंगम गर्दै घरमै बसेर, उचित रूपमा मास्कको प्रयोग, स्यानिटाइजरको प्रयोग साथै भौतिक दुरी कायम गरी सुरक्षित रूपमा यसपटकको तीज पर्व मनाइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

फेरि एकपल्ट यहाँहरू सबैको सुस्वास्थ्यको कामनासहित हरितालिका तीजको शुभकामना ।

धन्यवाद !

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np